# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-२ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०३/११

## भाग-१

### बलेफी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बलेफी गाउँपालिकाको विनियोजन ऐन, २०८२

बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना** : बलेफी गाउँपालिका, सिन्धुपाल्चोक २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम **"बलेफी गाउँपालिकाको विनियोजन ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि बलेफी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **<u>आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>** : (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ५६,५९,००,००० (अक्षेरुपी छपन्न करोड उनान्साठी लाख) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन</u>** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त बलेफी गाउँपालिका, सिन्धुपाल्चोकको गाउँ कार्यपातिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्व शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनुपर्नेछ ।

## अनुसूची-१

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३३,४१,००,००० | १८,१७,००,००० | ० | ५१,५८,००,००० |
| २ | | वडा समिति | ८०,१०,००० | ३,१९,९०,००० | ० | ४,००,००,००० |
| ३ | | विषयगत शाखा | ९१,००,००० | १०,००,००० | ० | १,०१,००,००० |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ ऋण) | ० | ० | ० | ० |
| कुल विनियोजित रकम | | | ३५,१२,१०,००० | २१,४६,९०,००० | ० | ५६,५९,००,००० |

**अक्षेरुपी छपन्न करोड उनान्साठी लाख मात्र**

**अनुसूची-२**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ को उपधारा (१) बमोजिम**

**सञ्चित कोषमा जम्मा हुने रकमको स्रोत वा आयको अनुमान**

| क्र.सं. | आयको स्रोत | अनुमानित आय रकम |
|---|---|---|
| (१) | (२) | (३) |
| १. | राजस्व बाडफाँड- सङ्घीय सरकार | ७,२६,००,००० |
| २. | वित्तीय समानीकरण अनुदान- सङ्घीय सरकार | ११,१८,००,००० |
| ३. | सशर्त अनुदान- सङ्घीय सरकार | १९,४६,००,००० |
| ४. | समपूरक अनुदान- सङ्घीय सरकार | ३,५०,००,००० |
| ५. | विशेष अनुदान- सङ्घीय सरकार | १,३०,००,००० |
| ६. | राजस्व बाडफाँड- प्रदेश सरकार | ३,३०,००,००० |
| ७. | वित्तीय समानीकरण अनुदान- प्रदेश सरकार | १,१९,००,००० |
| ८. | सशर्त अनुदान प्रदेश सरकार | २,५०,००,००० |
| ९. | समपूरक अनुदान- प्रदेश सरकार | २,००,००,००० |
| १०. | विशेष अनुदान- प्रदेश सरकार | ६०,००,००० |
| ११. | आन्तरिक स्रोत- स्थानीय सरकार | ४,३०,००,००० |
| | **जम्मा** | **५६,५९,००,०००** |

**अक्षरूपी छपन्न करोड उनान्साठी लाख मात्र**

आज्ञाले,

लोकेन्द्र बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/०३/११